# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका Senior Resident Representative बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग साउन २ गते भारत, नेपाल र भुटानका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका नवनियुक्त Senior Resident Representative Mr. Luis E. Breuer ले भेटवार्ता गर्नुभयो । उक्त भेटवार्तामा भारत, नेपाल र भुटानका लागि Senior Resident Representative का रूपमा कार्यरत रहनु भई हाल कार्यकाल सकी फिर्ता जान लाग्नु भएका Mr. Andreas Bauer समेत सहभागी हुनुहुन्थ्यो ।



नव नियुक्त Senior Resident Representative Mr. Luis E. Breuer को स्वागत गर्दै गभर्नर डा. नेपालले संक्षिप्त रूपमा देशको वर्तमान आर्थिक स्थितिको बारेमा जानकारी गराउनु भयो । उक्त भेटवार्तामा उहाँले विशेषगरी बैदेशिक व्यापार, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चिति, विप्रेषण आप्रवाह तथा नेपालले विगत तीन वर्षमा हासिल गरेको आर्थिक वृद्धिका बारेमा जानकारी गराउनुभयो ।

भेटका क्रममा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूको सुदृढीकरणका बारेमा नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाहरूको बारेमा समेत चर्चा गर्नु भएको थियो ।

साथै, गभर्नर डा. नेपालले Senior Resident Representative Mr. Andreas Bauer को कार्यकालमा नेपाल र अन्तर्राष्ट्रिय मुद्राकोष बीचको द्विपक्षीय सम्बन्ध सुदृढ र मजबुत् बनाउन उहाँले खेल्नु भएको भूमिकाको सह्राना गर्दै भविष्यमा सफलताको लागि शुभकामना समेत व्यक्त गर्नु भयो ।

Senior Resident Representative Mr. Andreas Bauer ले आफ्नो कार्यकालमा नेपालसँगको सहकार्य फलदायी भएकोमा गभर्नर डा. नेपालप्रति विशेष आभार व्यक्त गर्नुभयो ।

२०७६ साउन २, बिहीबार

गभर्नरको कार्यालय